आज मिति २०८१/०५/३० गते बिहान ८:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नरेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

CamScanner

**निर्णय नं. १**

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकामा सबै महाशाखा/शाखा प्रमुखहरू र सरोकारवालाको उपस्थितिमा मिति २०८१ जेठ २० र २१ गते सम्पन्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबाट ६६ अंक प्राप्त भएको GESI Audit Report, 2081 आजको कार्यपालिका बैठकमा पेश भई पारित गरियो ।

**निर्णय नं. २**

यस धनगढी उप-महानगरपालिका वडा नं. ०१ स्थित धनगढी उप-महानगरपालिकाको पुरानो कार्यालय भवनको स्थलगत निरिक्षणको प्राविधिक प्रतिवेदन अनुसार उक्त भवन राष्ट्रिय भवन संहिता बमोजिम नभएको र भुकम्पीय दृष्टिकोणले जोखिममा रहेको पाईएकोले भूकम्प आउँदा सो भौतिक संरचनाको मात्रै क्षति नभई सम्पूर्ण सेवाग्राही तथा कर्मचारीको समेत जनधनको क्षति हुन सक्ने भएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ दफा २७ को उपदफा (४) बमोजिम भूकम्पीय जोखिमका दृष्टिले संकटासन्न भएको उक्त भवन भत्काई हटाउने निर्णय गरियो । साथै भुकम्पीय जोखिममा रहेका उप-महानगरपालिका भित्र रहेका सामुदायिक विद्यालय भवन र कार्यालयका अन्य भवनहरु पनि प्राविधिकको प्रतिवेदन अनुसार भत्काई हटाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस धनगढी उपमहानगरपालिकाको स्थानीय सेवा केन्द्र स्थापनाका लागि ध.उ.म.न.पा. वडा न. ०४ दक्षिणकाली मार्ग स्थित पंचायत तथा स्थानीय विकास मन्त्रालय, सु.प. क्षेत्रीय निर्देशनालय, इकाई कार्यालय, धनगढीको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक देवहरिया गा.पा. वडा न. ७, कि.न. ४११, ४१०, र १०२९ को क्षेत्रफल क्रमश: ०-४-०, ०-४-० र ०-१२-० गरि जम्मा १ बिगाहा (निर्मित गोदाम घर सहित) धनगढी उप-महानगरपालिकालाई स्थानीय सेवा केन्द्र भवन निर्माण प्रयोजनका लागि धनगढी उपमहानगरपालिकालाई सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ (२) (ग) वमोजिम प्रचलित विधि, प्रक्रिया र कार्यविधि अनुसार उपलब्ध गराईदिन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाइ अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भएर बग्ने खुटीया, शिवगंगा र मोहना नदी/खोलाको बगर क्षेत्रबाट दिगो र वातावरणमैत्री रूपमा नदीजन्य पदार्थको उत्खनन र संकलन पूर्व गरिने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) हाल भईरहेको अवस्थामा उल्लेखित नदी/खोलाबाट नदीजन्य पदार्थको उत्खनन र संकलन गर्नुपर्ने भएकोले उक्त अध्ययनको प्रारम्भिक फिल्ड अध्ययन प्रतिवेदन अनुसार मिति २०८१ साल असोज १ गतेबाट यस कार्यालयबाट नगर प्रहरी खटाई नदीजन्य पदार्थ उत्खनन/संकलन गर्ने र पूर्ण प्रतिवेदन आएपछि ठेक्का प्रक्रिया अगाडी बढाउने गरी कार्य गर्न मिति २०८१।०५।२६ गतेको राजश्व परामर्श समितिबाट सिफारिस भई आएकोले उक्त निर्णय अनुसार कार्य अगाडि बढाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस धनगढी उप-महानगरपालिकाको कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी ईजाजत पत्र प्रदान भएका देहाय बमोजिमका निर्माण व्यवसायीका इजाजत पत्र अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय:**

| सि.नं. | फर्मको नाम | निर्माण व्यवसायीको नाम | ठेगाना |
|---|---|---|---|
| १. | माधबी ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि. | प्रदिप शर्मा | धनगढी ५ |

**निर्णय नं. ६**

यस धनगढी उप-महानगरपालिका वडा न. ०१ मा अवस्थित दशरथ भिम उद्यानलाई स्तरीकरण गरि आधुनिक पार्कका रुपमा निर्माण गर्न प्रथम चरणमा दशरथ भिम उद्यानको गुरुयोजनामा भएका ब्लक १ देखि ७ सम्मका पसल कबल संरचनाहरु शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना आर्यन्वयन इकाई, धनगढी, कैलालीद्वारा ठेक्का सम्झौता भई निर्माणको चरणमा रहेको हुँदा उक्त संरचनाहरु निर्माण सम्पन्न भई हस्तान्तरण भए पश्चात यस उप-महानगरपालिकाले भाडामा लगाउने र उक्त संरचनाबाट हुने आम्दानी र नगर विकास कोषको ऋण सहयोगमा निर्माण हुने संरचना/पूर्वाधारहरुबाट हुने आम्दानी लाई एकत्रित गरी नगर विकास कोषको ऋण सहयोगको सावाँ ब्याज सहितको किस्ता रकम नियमित रुपमा नगर विकास कोषलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस धनगढी उप-महानगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) कार्यविधि, २०७९ को (तेस्रो संशोधन), २०८१ आजको कार्यपालिका बैठकमा पेश भई छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नेपाल सरकारले मिति २०७२/०६/०१ गतेका दिन साविकको धनगढी नगरपालिकामा साविकका उर्मा र फुलबारी गा.वि.स.लाई गाभेर धनगढी उप-महानगरपालिका घोषणा गरी स्थापना भएको दिनको स्मरणमा यस धनगढी उप-महानगरपालिकाको दशौँ स्थापना दिवस २०८१/०६/०१ गतेका दिन भव्य समारोह बीच मनाउने साथै सो अवसरमा धनगढी उप-महानगरपालिकामा कार्यरत रही उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा उप-महानगरपालिकाको कार्यमा विविध क्षेत्रबाट सहयोग, सहकार्य र योगदान गर्ने व्यक्ति तथा संघ-संस्थाहरु एवं शैक्षिक सत्र २०८० को कक्षा ८, एस.ई.ई. र कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यालय एवम् उत्कृष्ट GPA ल्याउने विद्यार्थीहरुका साथै उत्कृष्ट कार्य गर्ने शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई तपसिल बमोजिम सम्मान, पुरस्कार तथा ट्रफी प्रदान गर्ने निर्णय गरियो।

**तपसिलः**

**पुरस्कृत/सम्मान/ट्रफी प्रदान गरिने कर्मचारी/संघसंस्थाहरुको नामावलीः**

| क्र.सं. | पद | तह | सम्मान एवम् पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| | **कर्मचारी तर्फः** | | | | |
| १ | डिभिजनल ईञ्जिनियर | आठौं | दिजराज भट्ट | १००००० | उत्कृष्ठ स्थानीय सेवा |
| २ | वित्त व्यस्थापक | छैटौं | कृष्णप्रसाद जोशी | १००००० | उत्कृष्ठ स्थानीय सेवा |
| ३ | सिनियर अ.हे.व. | छैटौं | जयकला रावल | ५०००० | स्थानीय सेवा |
| ४ | ईञ्जिनियर | छैटौं | कलम राज ओझा | ५०००० | स्थानीय सेवा |
| ५ | वडा | छैटौं | आनन्द भट्ट | ५०००० | स्थानीय सेवा |
| ६ | कानुन अधिकृत | छैटौं | खडक सिंह कुञ्जेडा | ५०००० | स्थानीय सेवा |

| क्र.सं. | पद | तह | सम्मान एवम् पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| ७ | ईञ्जिनियर | छैटौं | उपेन्द्र प्रसाद भट्ट | ५०००० | स्थानीय सेवा |
| ८ | प्राविधिक सहायक | पाँचौं | भोज बहादुर बोहरा | ५०००० | स्थानीय सेवा |
| ९ | सर्वेक्षक | पाँचौं | केशव राज पन्त | ५०००० | स्थानीय सेवा |
| १० | नायब सुब्बा | पाँचौं | महेश प्रसाद दहाल | ५०००० | स्थानीय सेवा |
| ११ | असिष्टेण्ट सब-ईञ्जिनियर | चौथो | प्रेम उपाध्याय | ५०००० | स्थानीय सेवा |
| १२ | सामाजिक परिचालक | | पशुपति कुमारी सुवेदी | ५०००० | स्थानीय सेवा |
| १३ | सरसफाई सहजकर्ता | | सुरेन्द्र शाह | ५०००० | स्थानीय सेवा |
| १४ | नगर प्रहरी हवल्दार | तेस्रो | रविन्द्र कुमार चन्द | ५०००० | स्थानीय सेवा |
| १५ | हेभी सवारी चालक | | नर बहादुर विष्ट | ५०००० | स्थानीय सेवा |
| १६ | हलुका सवारी चालक | | समीर चौधरी | ५०००० | स्थानीय सेवा |
| १७ | कार्यालय सहयोगी | | बागमती महता | ५०००० | स्थानीय सेवा |
| १८ | सरसफाई कर्मी | | जितमान चौधरी | ५०००० | स्थानीय सेवा |
| | **मेलमिलापकर्ता तर्फ** | | | | |
| १९ | मेलमिलापकर्ता | | संगिना जागरी, धनगढी-७ | २५००० | उत्कृष्ठ मेलमिलापकर्ता |
| | **म.स्वा.स्व.से. तर्फ** | | | | |
| २० | म.स्वा.स्व.से. | | विना चौधरी, धनगढी-१९ | २५००० | उत्कृष्ठ म.स्वा.स्व.से. |
| | **शिक्षक तथा विद्यालय कर्मचारी तर्फ** | | | | |
| २१ | विद्यालय सहयोगी | | लक्ष्मी कोली, सिद्धनाथ मावि, धनगढी-१२ | ५०००० | उत्कृष्ठ विद्यालय सहयोगी |
| २२ | बालविकास शिक्षक | | दिव्यश्वरी बम, सिद्धनाथ मावि, धनगढी-१२ | ५०००० | उत्कृष्ठ बालविकास शिक्षक |
| २३ | प्राथमिक शिक्षक | | लक्षमण टमटा, जन जागृती आवि, धनगढी-१५ | ५०००० | उत्कृष्ठ प्राथमिक शिक्षक |
| २४ | निम्न माध्यमिक शिक्षक | | मिना कुमारी चौधरी, खाड्डी आवि, धनगढी-१८ | ५०००० | उत्कृष्ठ निम्न माध्यमिक शिक्षक |

CamScanner

| क्र.सं. | पद | तह | सम्मान एवम् पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| २५ | माध्यमिक शिक्षक | | गंगाराम ओझा, पञ्चोदय मावि, धनगढी-५ | ५०००० | उत्कृष्ठ माध्यमिक शिक्षक |
| २६ | नगरपालिकाबाट नियुक्त शिक्षक | | रामकृष्ण चौधरी, चन्द्रोदय मावि, धनगढी-१८ | ५०००० | उत्कृष्ठ नगरपालिकाबाट नियुक्त शिक्षक |
| २७ | प्रधानाध्यापक | | भोजराज शर्मा, बेहडाबाबा मावि, धनगढी-१८ | ५०००० | उत्कृष्ठ प्रधानाध्यापक |
| २८ | विद्यालय कर्मचारी | | ध्रुबराज जोशी, बेहडाबाबा मावि, धनगढी-१८ | १००००० | उत्कृष्ठ विद्यालय कर्मचारी |
| | **विद्यालय/समुदाय सरसफाई तर्फ** | | | | |
| २९ | संस्थागत विद्यालय | | राइजि स्टार ई.बो.स्कुल, धनगढी-६ | ५ लाख नगद र ट्रफी | संस्थागत विद्यालय तर्फ उत्कृष्ठ |
| ३० | सामुदायिक विद्यालय | | बेहडाबाबा मावि, धनगढी-१८, घसिटा | ५ लाख नगद र ट्रफी | सामुदायिक विद्यालय तर्फ उत्कृष्ठ |
| ३१ | समुदायस्तरको सरसफाई समिति | | आदर्श टोल सरसरफाई समिति, धनगढी-२ | १० लाख बराबरको कार्यक्रम र ट्रफी | |
| | **आधारभूत तह कक्षा ८ (विद्यार्थी)** | | | | |
| ३२ | छात्र विद्यार्थी संस्थागत विद्यालय | | विज्ञान कठायत, श्री स्टार ई.बो., धनगढी-७ | २५००० | २०८० मा सर्वाधिक जिपिए सहित उत्तीर्ण |
| ३३ | छात्रा विद्यार्थी संस्थागत विद्यालय | | बबिता भूल, एक्सिस विद्याश्रम, धनगढी-५ | २५००० | २०८० मा सर्वाधिक जिपिए सहित उत्तीर्ण |
| ३४ | छात्र विद्यार्थी सामुदायिक विद्यालय | | डेनिस बम, त्रिभुवन मावि, धनगढी-३ | २५००० | २०८० मा सर्वाधिक जिपिए सहित उत्तीर्ण |
| ३५ | छात्रा विद्यार्थी सामुदायिक विद्यालय | | समिक्षा कुमारी जैशी, पञ्चोदय मावि, धनगढी-५ | २५००० | २०८० मा सर्वाधिक जिपिए सहित उत्तीर्ण |
| | **आधारभूत तह कक्षा ८ (विद्यालय)** | | | | |

CS CamScanner

| क्र.सं. | पद | तह | सम्मान एवम् पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| ३६ | संस्थागत विद्यालय | | मिलन ईंगलिश बोर्डिंग स्कुल, धनगढी-१२ | ५०००० | २०८० मा ५५ विद्यार्थी सहभागी गराई शतप्रतिशत उत्तीर्ण |
| ३७ | सामुदायिक विद्यालय | | बेहडाबाबा मावि, धनगढी-१८, घसिटा | ५०००० | २०८० मा ७६ विद्यार्थी सहभागी गराई ६६% (५०) उत्तीर्ण |
| | **SEE परीक्षामा उत्कृष्ठ विद्यार्थी** | | | | |
| ३८ | संस्थागत विद्यालय | | आकाश ठगुन्ना, ग्यालेक्सी मावि, धनगढी-५ | २५००० | २०८० को SEE मा ३.८६ जिपिए |
| ३९ | सामुदायिक विद्यालय | | सुमन भट्ट, पञ्चोदय मावि, धनगढी-५ | २५००० | २०८० को SEE मा ३.९५ जिपिए |
| | **कक्षा १२ को परीक्षामा उत्कृष्ठ विद्यार्थी** | | | | |
| ४० | संस्थागत विद्यालय | | निराजन पाण्डेय, कैलाली मोडेल मावि, धनगढी-४ | २५००० | २०८० को कक्षा १२ मा ३.९२ जिपिए |
| ४१ | सामुदायिक विद्यालय | | सुनिल भट्ट, त्रिनगर मावि, धनगढी-१ | २५००० | २०८० को कक्षा १२ मा ३.६६ जिपिए |
| | **हरियाली/छात्रा पोशाकका लागि ४ लाख ९० हजार भन्दा बढी सहयोग गर्ने संघसंस्थाहरु (९ संस्था)** | | | | |
| ४२ | | | श्री माछापुच्छ्रे बैंक, लाजिम्पाट, काठमाडौं | सम्मान पत्र | सहयोग रकम रु. ४ लाख ९७ हजार |
| ४३ | | | श्री एलआरआइ स्कुल, काठमाडौं | सम्मान पत्र | सहयोग रकम रु. ५ लाख |
| ४४ | | | श्री ग्लोबल आइएमई बैंक, कमलादी, काठमाडौं | सम्मान पत्र | सहयोग रकम रु. ५ लाख |
| ४५ | | | श्री कृषि विकास बैंक, रामशाहपथ, काठमाडौं | सम्मान पत्र | सहयोग रकम रु. ५ लाख |
| ४६ | | | श्री हिमालयन डिष्टिलरी, जावलाखेल, ललितपुर | सम्मान पत्र | सहयोग रकम रु. ५ लाख २५ हजार |

| क्र.सं. | पद | तह | सम्मान एवम् पुरस्कृत हुनेहरुको नाम, ठेगाना | सम्मान/नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|---|
| ४७ | | | श्री भाटभटेनी सुपर मार्केट, त्रिभुवन सडक, काठमाडौं | सम्मान पत्र | सहयोग रकम रु. ५ लाख २५ हजार |
| ४८ | | | श्री शिखर इन्सुरेन्स लिमिटेड, थापाथली, काठमाडौं | सम्मान पत्र | सहयोग रकम रु. १३ लाख १५ हजार |
| ४९ | | | श्री सूर्य नेपाल प्रा.लि., कान्तिपथ, काठमाडौं | सम्मान पत्र | रु. ५० लाख बराबरको निर्माण सहयोग |
| ५० | | | श्री जावलाखेल ग्रुप अफ इण्डस्ट्रिज, ललितपुर | सम्मान पत्र | रु. ५० लाख बराबरको निर्माण सहयोग |

**निर्णय नं. ९**

यस धनगढी उप-महानगरपालिकाद्वारा विभिन्न मितिमा प्रकाशित विज्ञापन अनुसार योग्यताक्रमको आधारमा छनौट भई तपसिल बमोजिम पदपूर्ति समितिद्वारा गरिएको सिफारिस र सोही अनुसार भएको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पदपूर्ति समितिको सिफारिस मिति | पद | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | २०८१/०४/२९ | नगर प्रहरी निरीक्षक | १ (एक) | |
| २ | ०२/०८१/०८२ | २०८१/०५/१८ | नगर प्रहरी नायब निरीक्षक | १(एक) | |
| ३ | ०३/०८१/०८२ | २०८१/०५/१८ | नगर प्रहरी सहायक निरीक्षक | २(दुई) | |
| ४ | ०४/०८१/०८२ | २०८१/०५/१८ | नगर प्रहरी हवल्दार | ३ (तीन) | |
| ५ | ०५/०८१/०८२ | २०८१/०५/१८ | नगर प्रहरी जवान | २१ (एक्काईस) | |

**निर्णय नं. १०**

यस धनगढी उप-महानगरपालिकालाई सफा र सुन्दर उप-महानगरका रूपमा विकास गर्न उप-महानगरपालिका क्षेत्र भित्रको छ लेन सडक क्षेत्रमा रहेका कवाड व्यवसाय तथा वर्कशप/ग्यारेज व्यवसायहरूलाई सडक क्षेत्रको भाग तर्फ पूर्ण रूपमा सडकबाट नदेखिने गरी नयाँ रंगीन जस्तापाताले छेकबार गर्न लगाउने र छ लेन सडक क्षेत्र, शहिद गेट देखि क्याम्पस रोडसम्मको सडक क्षेत्र, धनगढी चौराहा देखि वडा नं. ७, कालिका मन्दिरसम्मको सडक क्षेत्र र एस.पि.ए. कलेज सडक क्षेत्रमा सञ्चालनमा रहेका कवाड व्यवसायहरुलाई उक्त सडक क्षेत्रहरुबाट १(एक) वर्षभित्र भित्री शाखा सडकहरूमा व्यवसाय स्थानान्तरण गर्न लगाउने तथा वर्कशप/ग्यारेज व्यवसायहरुलाई पनि अटोल्याण्ड नभएसम्मका लागि मात्र उल्लेखित सडकहरु व्यवसाय सञ्चालन गर्न दिने र अटोल्याण्ड संचालनका लागि स्थान पहिचान गर्ने कार्यका लागि प्रक्रिया अगाडी बढाउने समेत निर्णय गरियो ।

**निर्णय नं. ११**

विश्व प्रकृति संरक्षणका क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न व्यक्ति तथा संघ-संस्थाहरुलाई WWF (World Wide Fund) मार्फत धनगढी उप-महानगरपालिका र WWF नेपाल बीच सम्झौता गरी सम्झौता बमोजिम धनगढी उप-महानगरपालिकाको तर्फबाट पुरस्कार प्रायोजन गर्न WWF लाई प्रत्येक वर्ष रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र।) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस धनगढी उप-महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री बुद्धि बहादुर खड्काको ममतामयी आमा श्रीमती नरपता देवी खड्काको ९१ वर्षको उमेरमा मिति २०८०/०५/२९ गतेका दिन दुःखद निधन भएको हुँदा धनगढी उप-महानगरपालिका परिवार स्तब्ध र मर्माहत भएको छ । यस दुःखद घडिमा मृतकको आत्माको चीर शान्तिको कामना सहित १ मिनेट मौन धारण गरी वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण एवंम् शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै आजको यस कार्यपालिका बैठकबाट शोक प्रस्ताव पारित गरियो ।

**निर्णय नं. १३**

यस धनगढी उप-महानगरपालिकाम समायोजन भएका लेखा अधिकृत (अधिकृतस्तर सातौँ) श्री सरस्वती जोशी (क.स.नं. २१८३१४) ले मिति २०८१/०५/१८ गते अध्ययन बिदा स्वीकृत गरिपाउँ भनी दिएको निवेदन र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको मिति २०८१/०५/१८ गतेको पत्राबाट अध्ययन पूर्व स्वीकृति प्रदान गरिएको पत्राचार समेत भएकोमा निजलाई निजामती सेवा नियमावली, २०५० को नियम ६१ मा अध्ययन बिदा स्वीकृत सम्बन्धी व्यवस्था भएको तर समायोजन भएका कर्मचारीहरुको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति योजना तथा विकास शाखा) सिंहदरबार, काठमाडौँको प.सं. २०७९/०८०, च.नं. ६७०, मिति २०८०/०२/१८गतेको परिपत्र अनुसार स्थानीय तहमा कार्यरत कर्मचारीहरुको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको सिफारिसमा अध्ययन बिदा स्वीकृत गर्ने व्यवस्था भए बमोजिम निजामती सेवा नियमावली, २०५० को नियम ६१ (५) बमोजिम बेतलबी अध्ययन बिदा स्वीकृतका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस धनगढी उप-महानगरपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख श्री सरस्वती जोशीले अध्ययन बिदा स्वीकृतका लागी निवेदन दिनुभएकोमा नगर कार्यपालिकाको यसै बैठकको निर्णय नं. १३ बाट निजको बेतलबी अध्ययन बिदा स्वीकृतीका लागि सिफारिस भएकोमा अब उप्रान्त अर्को व्यवस्था नभएसम्मका लागि यस उप-महानगरपालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत  लेखा अधिकृत (अधिकृतस्तर छैठौं) श्री कृष्ण प्रसाद उपाध्याय (क.सं.नं. २३६७५८) लाई आर्थिक प्रशासन शाखाको शाखा प्रमुखको जिम्मेवारी तोकी निजको नाममाबाट सम्पूर्ण आर्थिक कारोबार गर्ने गरी खाता सञ्चालन गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. १५**

नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङबाट संस्कृत साहित्यमा दलित समुदायबाट पहिलो "आचार्य" उतीर्ण गर्नु हुने कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. ३ बस्ने श्री कृष्ण बहादुर दमाईलाई सहयोग स्वरुप नगद रु. १,५१,०००/- (अक्षरुपी एक लाख एकाउन्न हजार मात्र ।) उपलब्ध गराउने निर्णय अनुमोदन गरियो । साथै निज "आचार्य" कृष्ण बहादुर दमाईलाई यस धनगढी उप-महानगरपालिकामा रोजगारीका लागि इच्छा व्यक्त गरी निवेदन पेश गरेमा निजको शैक्षिक योग्यताको आधारमा उप-महानगरपालिकामा उपयुक्त दरबन्दी सिर्जना गरी कामकाजमा लगाउने निर्णय गरियो ।

आजको बैठक अन्त गरियो ।